# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं पौष २४ गते २०१३ साल [अतिरिक्ताङ्क १४

### गृहमन्त्रालयको सूचना

४ ४६६।२.

०१३-९-१९-४

विशेष अदालत ऐन २०१३ को दफा २ को उपदफा १ र दफा ३, ७ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित आदेश निकालेको छ।

सरकारले ३ जना सदस्य भएको बेथरी विशेष अदालतको गठन गरी सो अदालतको अध्यक्षमा पाल्ही माझ खण्ड गोरखाराका बडाहाकिम सदस्यमा बेथरी अमिनीका हाकिम र माझखण्ड मालका हाकिमलाई मुकरर गरेको छ।

उक्त विशेष अदालतले बेथरी अमिनीमा २०१३ साल मार्ग १ गते-देखि डायर भएका खुन, डाका र चोरी मुद्दा झिकी र अब पर्न आउने खुन, डाका र चोरी मुद्दा लिई हेरी कारवाई गरी किनारा लगाउने गरी सुम्पिएको छ।

आज्ञाले—
माणिकलाल,
का. मु. सेक्रेटरी-गृहमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०